**23rd OF SEPT**

**आकाशवाणी**

**मुख्य समाचार :-**

- **राष्ट्रपतिले आज नयाँ दिल्लीमा वर्ष 2023 को 71औँ राष्ट्रिय फिल्म पुरस्कार प्रदान गर्नुभयो**
- **यस वर्ष तिहार र छठ पर्वको अवसरमा 12 हजार विशेष रेलगाडी सञ्चालन गरिने**
- **कृषि तथा किसान कल्याण राज्यमन्त्रीको सिक्किम आगमन**
- **मूल्य कटौतीका कारण जनता निकै सन्तुष्ट भएको भाजपाको दावी**
- **नयाँ दिल्लीमा सांकेतिक भाषा दिवस पालन**

**राष्ट्रपतिले आज नयाँ दिल्लीमा वर्ष 2023 को 71औँ राष्ट्रिय फिल्म पुरस्कार प्रदान गर्नुभयो**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा वर्ष **2023** को **71**औँ राष्ट्रिय फिल्म पुरस्कार प्रदान गर्नुभयो। फिल्म निर्माण र उत्कृष्ट अभिनयका लागि विभिन्न विधामा यी पुरस्कारहरू प्रदान गरिए। प्रख्यात अभिनेता, निर्देशक तथा निर्माता मोहनलाललाई चलचित्र क्षेत्रको सर्वोच्च सम्मान 'दादासाहेब फाल्के पुरस्कार' प्रदान गरियो। उत्कृष्ट फिचर फिल्मको पुरस्कार हिन्दी चलचित्र **'12th Fail'** लाई प्रदान गरियो। उत्कृष्ट हिन्दी फिचर फिल्मको पुरस्कार 'कटहल : ए ज्याकफ्रुट मिस्ट्री' ले प्राप्त गऱ्यो। उत्कृष्ट अभिनेता पुरस्कार शाहरुख खानलाई चलचित्र जवानका लागि दिइयो भने अभिनेता विक्रान्त म्यासिलाई पनि **12th Fail** चलचित्रकै लागि उत्कृष्ट अभिनेता पुरस्कार प्रदान गरियो। उत्कृष्ट अभिनेत्री पुरस्कार रानी मुखर्जीलाई मिसेज चटर्जी वर्सेस नर्वे चलचित्रका लागि दिइयो। सुदीप्तो सेन द्वारा निर्देशित द केरल स्टोरीले उत्कृष्ट निर्देशन पुरस्कार प्राप्त गऱ्यो। हिन्दी चलचित्र रकी और रानी की प्रेम कहानीले उत्कृष्ट लोकप्रिय फिल्मको पुरस्कार जित्यो।

गायिका शिल्पा रावले हिन्दी चलचित्र जवान का लागि उत्कृष्ट महिला पार्श्व गायनको पुरस्कार पाउनु भयो भने पुरुष वर्गमा तेलुगु चलचित्र बेबीका लागि पीभीएनएस रोहित सम्मानित हुनुभयो। उत्पल दत्तलाई असमिया भाषामा महत्त्वपूर्ण र व्यापक समालोचनात्मक लेखनका लागि उत्कृष्ट चलचित्र समालोचकको राष्ट्रिय फिल्म पुरस्कार प्रदान गरियो।

कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति द्रौपदी मुर्मु भन्नुभयो...**byteee** यस अवसरमा सूचना तथा प्रशारण मन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्री नरेन्द्र मोदीको भारतलाई कन्टेन्ट निर्माणको केन्द्र बनाउने स्पष्ट दृष्टिकोण रहेको उल्लेख गर्नुभयो। उहाँले वेभ्स बजारका कारण भारतीय कन्टेन्ट क्रिएटरहरूले आफ्ना सिर्जनाका लागि नयाँ बजारहरू भेट्न थालेको पनि बताउनुभयो।

**यस वर्ष तिहार र छठ पर्वको अवसरमा 12 हजार विशेष रेलगाडी सञ्चालन गरिने**

रेल मन्त्री अश्विनी वैष्णवले यात्रुहरूको सुविधाका लागि यस वर्ष तिहार र छठ पर्वको अवसरमा 12 हजार विशेष रेलगाडी सञ्चालन गरिने घोषणा गर्नुभएको छ। नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो कि यी रेलगाडीहरू अक्टोबर 1 देखि नोभेम्बर 15 सम्म सञ्चालनमा हुनेछन्। उहाँका अनुसार, गत वर्ष तिहार र छठ पर्वमा 7 हजार 750 विशेष रेलगाडी चलाइएको थियो। यस वर्ष 10 हजार रेलगाडीहरू पहिले नै अधिसूचित भइसकेका छन् भने अन्तिम क्षणमा यात्रुको आवत --जावत अनुसार तुरुन्त सञ्चालन गर्न 150 पूर्ण रूपमा अनारक्षित रेलगाडी तयार राखिएको छ।

श्री वैष्णवले जानकारी दिनुभयो कि हाल भारतीय रेलका 29 वटा मण्डलमा करिब 95 प्रतिशत रेलगाडी समयमै चलिरहेका छन्। यी मण्डलहरूमा माल्दा, नागपुर, कोटा, राँची, जयपुर, राजकोट, बीकानेर र अहमदाबाद पर्छन्। उहाले थप बताउनुभयो.... **bytee** उहाँका अनुसार, मन्त्रालयले सबै 70 मण्डलमा रेलगाडीलाई शतप्रतिशत समयमै सञ्चालन गर्ने लक्ष्य लिएको छ।

**कृषि तथा किसान कल्याण राज्यमन्त्रीको सिक्किम आगमन**

भारत सरकारका कृषि तथा किसान कल्याण राज्यमन्त्री भागीरथ चौधरी आज सिक्किम आइपुग्नुभयो। मेल्ली checpost-मा उहाँलाई जोरेथाङका एसडीएम योगेन स्याङ्देन र नामचीका एएसपी बिकाश तिवारीले स्वागत गर्नुभएको थियो। राज्यमन्त्री 23 देखि 24 सेप्टेम्बरसम्मको तीन दिने औपचारिक भ्रमणमा सिक्किम आउनुभएको हो। उहाँको यो भ्रमण 'पूर्वोत्तर सम्पर्क सेतु' कार्यक्रमअन्तर्गत रहेको छ, जसको उद्देश्य कृषि सम्बन्धलाई सुदृढ बनाउनु र उत्तर–पूर्वीय क्षेत्रमा विकासात्मक पहललाई प्रवर्द्धन गर्नु हो।

यस क्रममा उहाँले दक्षिण सिक्किमको बर्मेकस्थित केन्द्रीय कृषि विश्वविद्यालयमा बागवानी विभागका नयाँ बनेका भवनहरूको उद्घाटन गर्नुहुनेछ। साथै, भारतीय कृषि अनुसन्धान परिषद् (ICAR)–एटारी, जोन 6 को वार्षिक क्षेत्रीय कार्यशाला 2025 को पनि उद्घाटन गर्ने कार्यक्रम छ।

**मूल्य कटौतीका कारण जनता निकै सन्तुष्ट भएको भाजपाको दावी**

भारतीय जनता पार्टीले आज भनेको छ कि आगामी पुस्ताका जीएसटी सुधारहरूले देशका नागरिकहरूलाई वस्तु तथा औषधि लगायत विभिन्न वस्तुहरूको मूल्यमा कमी ल्याएर उल्लेखनीय राहत प्रदान गरेको छ। नयाँ दिल्लीमा पत्रकारहरुसँग कुरा गर्दै भाजपा प्रवक्ता संबित पात्राले मीडिया रिपोर्ट र एनडीए नेताहरू तथा मन्त्रीहरूले बजार भ्रमणको क्रममा दिएका प्रतिक्रिया उद्धृत गर्दै भन्नुभयो कि मूल्य कटौतीका कारण जनता निकै सन्तुष्ट छन्। उहाँले कांग्रेसमाथि आरोप लगाउँदै भन्नुभयो कि विगत 75 वर्षमा यसले विभिन्न कर लागू त गरेको थियो, तर तिनलाई सुव्यवस्थित गर्न सकेको थिएन।

**आयुष्मान भारत योजनाले भारतलाई स्वास्थ्य सेवामा क्रान्तिकारी परिवर्तनको मार्गमा अघि बढाइरहेको प्रधानमन्त्री नरेन्द्र मोदको दावी** प्रधानमन्त्री नरेन्द्र मोदीले आयुष्मान भारत योजनाले भारतलाई स्वास्थ्य सेवामा क्रान्तिकारी परिवर्तनको मार्गमा अघि बढाइरहेको बताउनुभयो । सात वर्ष पूरा भएको अवसरमा सामाजिक सञ्जालमार्फत शुभकामना व्यक्त गर्दै उहाँले यस योजनाले आम नागरिकलाई वित्तीय सुरक्षा र गरिमा सुनिश्चित गरेको उल्लेख गर्नुभयो। उहाँका अनुसार, भारतले देखाएको छ कि क्षमता, करुणा र प्रविधिको संयोजनले कसरी मानव सशक्तिकरणलाई तीव्र गतिमा अघि बढाउन सक्छ। प्रधानमन्त्रीले आयुष्मान भारतलाई भविष्यका आवश्यकता अनुमान गरी जनताका लागि किफायती र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने महत्त्वपूर्ण पहलका रूपमा वर्णन गर्नुभयो।

**नयाँ दिल्लीमा सांकेतिक भाषा दिवस पालन**

केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले आज बताउनुभएको छ कि भारत सरकारको दिव्याङजन सशक्तिकरण विभागले देशभरका दिव्याङ बालबालिकाको शिक्षा र सीप विकासका लागि निरन्तर प्रयास गरिरहेको छ। डा. कुमारले नयाँ दिल्लीमा आयोजित सांकेतिक भाषा दिवस कार्यक्रममा सम्बोधन गर्दै भन्नुभयो कि भारतीय सांकेतिक भाषा अनुसन्धान तथा प्रशिक्षण केन्द्रले दिव्याङ विद्यार्थीहरूको शैक्षिक यात्रामा सहयोग पुऱ्याउन अहिलेसम्म 3 हजार 300 भन्दा बढी शैक्षिक सांकेतिक भाषा भिडियो तयार गरेको छ। उहाँले यस अवसरमा देशभर सांकेतिक भाषा सिकाइलाई प्रवर्द्धन गर्न थालिएका विभिन्न पहलहरूको पनि उद्घाटन गर्नुभयो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **राष्ट्रपतिले आज नयाँ दिल्लीमा वर्ष 2023 को 71औँ राष्ट्रिय फिल्म पुरस्कार प्रदान गर्नुभयो**
- **यस वर्ष तिहार र छठ पर्वको अवसरमा 12 हजार विशेष रेलगाडी सञ्चालन गरिने**
- **कृषि तथा किसान कल्याण राज्यमन्त्रीको सिक्किम आगमन**
- **मूल्य कटौतीका कारण जनता निकै सन्तुष्ट भएको भाजपाको दावी**
- **नयाँ दिल्लीमा सांकेतिक भाषा दिवस पालन**